# गाउँ प्रहरी अवकास कोष (सञ्चालन तथा ब्यवस्थापन)

# निर्देशिका, २०८२

दिप्रुङ चुइचुम्मा गाउँपालिकाको
गाउँ कार्यपालिकाबाट मिति २०८२/१२/०५
गते स्वीकृत दिप्रुङ चुइचुम्मा गाउँपालिकाको
गाउँ प्रहरी अवकास कोष (सञ्चालन् तथा
ब्यवस्थापन निर्देशिका, २०८२ पाना ८ (बठ)
प्रमाणित गरेको छु ।

मोहन कृष्ण प्रसाद सेठ
प्रमुख प्रशासकीय अधिकृत

## दिप्रुङ चुइचुम्मा गाउँपालिका

## खोटाङ

## कोशी प्रदेश, नेपाल

# गाउँ प्रहरी अवकास कोष (सञ्चालन तथा ब्यवस्थापन) निर्देशिका, २०८२

प्रस्तावना:

दिप्रुङ चुइचुम्मा गाउँपालिकामा कार्यरत गाउँ प्रहरीहरुको कार्यसम्पादन स्तरलाई मौद्रिक उत्प्रेरणाका माध्यमद्वारा सवल र सक्षम बनाउनका साथै गाउँ प्रहरीहरुलाई तोकिएको काम, कर्तब्यप्रति उत्प्रेरित र कर्तब्यनिष्ठ बनाउने प्रयोजनका लागि "दिप्रुङ चुइचुम्मा गाउँपालिकाको प्रहरी (गठन, सञ्चालन र व्यवस्थापन) ऐन, २०७७ (प्रथम संशोधन २०८१)" को परिच्छेद (८), दफा (२१) मा ब्यवस्था भएको प्रावधानलाई थप ब्यवस्थित बनाउन वाञ्छनीय भएकोले यो निर्देशिका जारी गरिएको छ ।

## परिच्छेद - १
## नाम र प्रारम्भ

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "गाउँ प्रहरी अवकास कोष (सञ्चालन तथा ब्यवस्थापन) निर्देशिका, २०८२" रहनेछ ।

(२) यो निर्देशिका दिप्रुङ चुइचुम्मा गाउँपालिकाभरी लागू हुनेछ ।

(३) यो निर्देशिका स्थानीय राजपत्रमा प्रकाशन भए देखि लागू हुनेछ ।

२. परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले "दिप्रुङ चुइचुम्मा गाउँपालिकाको प्रहरी (गठन, सञ्चालन र ब्यवस्थापन) ऐन, २०७७ (प्रथम संशोधन २०८१)" लाई जनाउनेछ ।

(ख) "गाउँपालिका" भन्नाले दिप्रुङ चुइचुम्मा गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले दिप्रुङ चुइचुम्मा गाउँपालिका, गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(घ) "कार्यालय" भन्नाले दिप्रुङ चुइचुम्मा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले दिप्रुङ चुइचुम्मा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(च) "कोष" भन्नाले "दिप्रुङ चुइचुम्मा गाउँपालिकाको प्रहरी (गठन, सञ्चालन र ब्यवस्थापन) ऐन, २०७७ (प्रथम संशोधन २०८१)" को परिच्छेद (८), दफा (२१) बमोजिम ब्यवस्था भएको गाउँ प्रहरी अवकास कोष सम्झनु पर्दछ ।

(छ) "गाउँ प्रहरी" भन्नाले यस निर्देशिका अन्तर्गत दिप्रुङ चुइचुम्मा गाउँपालिकामा नियुक्त सवै प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ ।

मोहन कृष्ण प्रसाद सेठ
... अधिकृत

(ज) "गाउँ प्रहरी प्रमुख" भन्नाले दिप्रुङ चुइचुम्मा गाउँपालिकाको गाउँ प्रहरी प्रमुख वा जुनियर ड्युटी अफिसरलाई सम्झनु पर्दछ ।

परिच्छेद – २

## गाउँ प्रहरी अवकास कोष ब्यवस्थापन

३. **प्रहरी अवकास कोष रहने:** (१) "दिप्रुङ चुइचुम्मा गाउँपालिकाको प्रहरी (गठन, सञ्चालन र ब्यवस्थापन) ऐन, २०७७ (प्रथम संशोधन २०८१)" को परिच्छेद (८), दफा (२१) बमोजिम सबै गाउँ प्रहरी आबद्द हुने गरी "प्रहरी अवकास कोष" को ब्यवस्था हुनेछ ।

(२) उपदफा (१) बमोजिम ब्यवस्था भएको कोषमा सबै गाउँ प्रहरीहरुको आधारभूत तलबको १० प्रतिशत रकम कट्टागरी सो रकमको शत प्रतिशत थप गरी मासिक रुपमा कोषमा जम्मा गरिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम कोषमा आबद्द गाउँ प्रहरीको अवकास कोषमा जम्मा भएको रकम गाउँ प्रहरीले अवकास प्राप्त गर्नु भन्दा अगाडी प्राप्त गर्ने छैनन ।

(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि ऐनको दफा १२ (घ), (ङ) र (च) बमोजिम सजाय प्राप्त गर्ने, दफा १३ उपदफा (२) बमोजिम बर्खास्त हुने गाउँपालिका प्रहरी कर्मचारीको भने अवकास कोषबाट प्राप्त हुने रकम पूर्ण रुपमा जफत हुनेछ ।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै गाउँ प्रहरीको आकस्मिक दुर्घटना भएमा वा निजको एकाघरमा दैवि प्रकोप वा प्राकृतिक प्रकोपको विपद् आई परेमा आवश्यक प्रमाण सहित निजले कोषमा जम्मा रहेको आफ्नो रकम भुक्तानी माग गरेमा निजलाई सञ्चित रकमको ६० प्रतिशतसम्म गाउँ प्रहरी अवकास कोष ब्यवस्थापन समितिको निर्णय एवं सिफारिस बमोजिम बिना ब्याज आकस्मिक भुक्तानी गर्न सकिनेछ ।

परिच्छेद – ३

## गाउँ प्रहरी अवकास कोष ब्यवस्थापन समिति

४. **गाउँ प्रहरी अवकास कोष ब्यवस्थापन समितिः** (१) गाउँ प्रहरी अवकास कोष सम्बन्धी आवश्यक ब्यवस्थापन गर्ने प्रयोजनका लागि देहाय बमोजिम एक "गाउँ प्रहरी अवकास कोष ब्यवस्थापन समिति" गठन हुनेछ ।

मोहन कृष्ण प्रसाद सेठ
प्रमुख प्रशासकीय अधिकृत

लोकेन्द्र राई
गाउँपालिका अध्यक्ष

१. संयोजक - प्रमुख प्रशासकीय अधिकृत

२. सदस्य - गाउँपालिकाको कार्यालयको प्रशासन शाखा प्रमुख

३. सदस्य - गाउँपालिकाको कार्यालयको आर्थिक प्रशासन शाखा प्रमुख

४. सदस्य - स्वास्थ्य शाखा प्रमुख

५. सदस्य सचिव - गाउँ प्रहरी प्रमुख

(२) गाउँ प्रहरी अवकास कोष ब्यवस्थापन समितिले आवश्यकताका आधारमा अन्य विषयगत शाखाका शाखा प्रमुखलाई आमन्त्रित सदस्यका रुपमा आमन्त्रण गर्न सक्नेछ ।

**५. गाउँ प्रहरी अवकास कोष ब्यवस्थापन समितिको काम, कर्तब्य र अधिकारः** (१) गाउँ प्रहरी अवकास कोष ब्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) अवकास प्राप्त गर्ने गाउँ प्रहरीको अवकास कोषमा सञ्चित रकम भुक्तानीका लागि आवश्यक निर्णय गर्ने,

(ख) अवकास कोषमा आवद्द गाउँ प्रहरीहरु र निजहरुको सञ्चित रकमको सम्बन्धमा प्रत्येक श्रावण मसान्तसम्ममा विवरण तयार गरी कार्यपालिकामा पेश गर्ने,

(ग) ऐनको दफा १२ (घ), (ङ) र (च) बमोजिम सजाय प्राप्त गर्ने, दफा १३ उपदफा (२) बमोजिम गाउँ प्रहरी बर्खास्त हुँदा अवकास कोषबाट प्राप्त हुने रकम जफत गर्नु पर्ने अवस्थामा आवश्यक निर्णय गरी कार्यपालिकामा पेश गर्ने ।

(घ) निर्देशिकाको दफा ३, उपदफा (४) बमोजिम आवश्यक कारवाहीका सम्बन्धमा आवश्यक निर्णय गरी कार्यपालिका समक्ष सिफारिस गर्ने ।

(ङ) निर्देशिकाको दफा ३, उपदफा (५) बमोजिमको आकस्मिक भुक्तानीका सम्बन्धमा आवश्यक निर्णय गर्ने ।

## परिच्छेद – ४
## कोष सञ्चालन तथा भुक्तानी प्रकृया

**६. कोष सञ्चालनः** (१) सबै गाउँ प्रहरी आवद्द हुने गरी कार्यालयको "स्थानीय तह कोष खाता" अन्तर्गत "गाउँ प्रहरी अवकास कोष" को ब्यवस्था गरी सञ्चालन गरिनेछ ।

मोहन कृष्ण प्रसाद सेठ
... अधिकृत

लोकेन्द्र राई
...पालिका अध्यक्ष

(२) कोषमा सञ्चित हुने रकमको सृजित दायित्व गाउँपालिकाको आन्तरिक आयबाट व्यवस्था गर्नु पर्नेछ ।

७. भुक्तानी प्रकृयाः (१) दफा ३, उपदफा (२) बमोजिम सञ्चित रकम गाउँ प्रहरीले स्वेच्छिक अवकास लिँदा वा ऐनको दफा १२ (घ), (ङ) र (च) र ऐनको दफा १३ उपदफा (२) बमोजिम बर्खास्त हुने अवस्थामा बाहेक पुनः करार अवधि थप नभएको अवस्थामा गाउँ प्रहरीले अनुसूची (१) बमोजिम कागजात तथा निवेदन पेश गरी प्राप्त गर्न सक्नेछन ।

(२) दफा ३, उपदफा (४) बमोजिम आकस्मिक भुक्तानी लिन चाहने गाउँ प्रहरीले अनुसूची २ बमोजिम कागजात तथा निवेदन पेश गरी भुक्तानी प्राप्त गर्न सक्नेछन ।

८. गाउँ प्रहरी कोष परिचयपत्रः (१) कोषमा आबद्द गाउँ प्रहरीको परिचयपत्र अनुसूची (३) बमोजिम हुनेछ ।

(२) गाउँ प्रहरी अवकास कोष परिचय पत्र सम्बन्धित गाउँ प्रहरीले कार्यालयको राजश्व शाखामा रु. १००/- (अक्षरेपी एक सय रुपैयाँ मात्र) शुल्क तिरी प्राप्त गर्न सक्नेछन ।

## परिच्छेद - ५
## विविध

९. खारेजी र बचाउः यो निर्देशिका जारी हुनुभन्दा अगाडी "दिप्रुङ चुइचुम्मा गाउँपालिकाको प्रहरी (गठन, सञ्चालन र व्यवस्थापन) ऐन, २०७७ (प्रथम संशोधन २०८१)" को परिच्छेद (८), दफा (२१) बमोजिम कोषमा आबद्द गाउँ प्रहरीहरुको हकमा यसै निर्देशिका बमोजिम भएको मानिनेछ ।

मोहन कृष्ण प्रसाद सेठ
प्रमुख प्रशासकीय अधिकृत

लोकेन्द्र राई
गाउँपालिका अध्यक्ष

## अनुसूची (१)

### निर्देशिकाको दफा ७, उपदफा (१) संग सम्बन्धित

मितिः ..........................

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
दिप्रुङ चुइचुम्मा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
[illegible]टार, खोटाङ ।

**विषयः अवकास कोषको रकम भुक्तानी सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस दिप्रुङ चुइचुम्मा गाउँपालिकाको गाउँ प्रहरी ............................ पदमा म ............................ मिति .......................... गते नियुक्त भई मिति ......................... गते ...................(स्वेच्छिक/करार सेवा समाप्त भई/अन्य खुलाउने) अवकास प्राप्त गरेकोमा दिप्रुङ चुइचुम्मा गाउँपालिकाको गाउँपालिका प्रहरी (गठन, सञ्चालन र व्यवस्थापन) ऐने, २०७७ (पहिलो संशोधन, २०८१) को परिच्छेद (८) दफा (२१) एवं "गाउँ प्रहरी अवकास कोष (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२" को दफा (७) बमोजिम मेरो नाममा सञ्चित अवकास कोषको रकम श्री .................. बैङ्क, .......................... शाखास्थित मेरो ब्यक्तिगत बैङ्क खाता नं .................... मा एकमुष्ट भुक्तानी गरी दिनु हुन सादर निवेदन गर्दछु ।

**निवेदक**
नामः........................
पदंः.........................
दिप्रुङ चुइचुम्मा गाउँपालिका, खोटाङ ।

[illegible] कागजातहरुः

1. शुरु नियुक्ति पत्रको प्रतिलिपि – थान १
2. पछिल्लो करार म्याद थपको कागजातको प्रतिलिपि – थान १
3. अवकास कोष परिचयपत्रको प्रतिलिपि – थान १

मोहन कृष्ण प्रसाद सेठ
प्रमुख प्रशासकीय अधिकृत

लोकेन्द्र राई
गाउँपालिका अध्यक्ष

अनुसूची (२)

निर्देशिकाको दफा ७, उपदफा (२) संग सम्बन्धित

मितिः ..........................

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
दिप्रुङ चुइचुम्मा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
वाङसोलाटार, खोटाङ ।

विषयः अवकास कोषको रकम आकस्मिक भुक्तानी सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस दिप्रुङ चुइचुम्मा गाउँपालिकाको गाउँ प्रहरी .................. पदमा म ............................. मिति .......................... गते नियुक्त भई कार्यरत हुँदै आएकोमा मिति ...................... गते मेरो ..................................(दुर्घटनाको प्रकृति वा उपचार गराईरहेको विवरण) वा मेरो एकाघरमा.......................................(विपद्को प्रकृति) भएको हुँदा दिप्रुङ चुइचुम्मा गाउँपालिकाको "गाउँ प्रहरी अवकास कोष (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२" को दफा ३, उपदफा (५) बमोजिम मेरो नाममा सञ्चित अवकास कोषको रकम आकस्मिक रुपमा भुक्तानी लिन अत्यावश्यक भएको हुँदा श्री ......................... बैङ्क, .......................... शाखास्थित मेरो व्यक्तिगत बैङ्क खाता नं .............................. मा नियमानुसार भुक्तानी गरी दिनु हुन सादर निवेदन गर्दछु ।

निवेदक

नामः..........................

पदः..........................

दिप्रुङ चुइचुम्मा गाउँपालिका, खोटाङ ।

संलग्न कागजातहरुः

१. सुरु नियुक्ति पत्रको प्रतिलिपि – थान १

२. पछिल्लो करार म्याद थपको कागजातको प्रतिलिपि – थान १

३. दुर्घटनाको प्रमाण खुल्ने कागजात वा उपचार गराईरहेको हकमा अस्पतालको पुर्जाको प्रतिलिपि – थान १

४. विपद्को हकमा विपद् खुल्ने सरजमिन मुचुल्काको प्रतिलिपि – थान १

मोहन कृष्ण प्रसाद सेठ
प्रमुख प्रशासकीय अधिकृत

लोकेन्द्र राई
गाउँपालिका अध्यक्ष

अनुसूची (३)

निर्देशिकाको दफा ८ संग सम्बन्धित

अवकास कोष परिचयपत्र नं..............................

## गाउँ प्रहरी अवकास कोष परिचय पत्र

नामः..............................................

पदः..............................................

स्थायी ठेगानाः....................................

ना. प्र. नं.:......................................

स्थायी लेखा नं.:..................................

कार्यालयः.........................................

सुरु नियुक्ति मितिः...............................

कोषमा आबद्द मितिः.................................

कोषमा योगदान प्रतिशतः.............................

सम्पर्क नं........................................

फोटो

सम्बन्धित कर्मचारीको दस्तखत

प्रमुख प्रशासकीय अधिकृत

(यो परिचय पत्र कसैले भेट्नु भएमा सम्बन्धित कर्मचारी वा सम्बन्धित कार्यालयमा बुझाई दिनु होला ।)

२०८२/१२/०५

मोहन कृष्ण प्रसाद सेठ
प्रमुख प्रशासकीय अधिकृत

दिप्रुङ चुइचुम्मा गाउँपालिकाको गाउँ कार्यपालिकाबाट मिति २०८२/१२/०५ गते स्वीकृत दिप्रुङ चुइचुम्मा गाउँपालिकाको गाउँ प्रहरी अवकास कोष (सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८२ पाना ८ (बठ) प्रमाणिकरण गरेको छु ।

लोकेन्द्र राई
अध्यक्ष

२०८२/१२/०५

लोकेन्द्र राई
गाउँपालिका अध्यक्ष